# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, पुस १९ गते २०४६ साल (अतिरिक्ताङ्क ५५ (क)

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव सरकार उमेर पुगी बक्सेको शुभ-उपलक्ष्यमा निम्न डिजाइन, नापतौलको असर्फी तथा चाँदीको सिक्का टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

असर्फीतर्फ

अग्रभाग– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०४६ रही स्वस्तिक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह अंकित ।

पृष्ठभाग– वरिपरि ६४ थोप्लाभित्र माथि अर्ध गोलाकार रूपमा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव तल अर्ध गोलाकार रूपमा उमेर पुगी बक्सेको उपलक्ष्य र बीचमा पूर्ण कलश रही सोको दायाँपट्टि नेपालीमा असर्फी र बायाँपट्टि अंग्रेजीमा ASARFI अंकित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

609

| | | |
|---|---|---|
| तौल | -- | ११.६६ ग्रा. ±०३ |
| व्यास | -- | २८.५ मि.मि. |
| सिरेशन | -- | भएको |
| धातु | -- | ९९९.९ शुद्ध सुन |
| अधिकतम टकमरी | -- | ५,००० थान |

सिक्कातर्फ

अग्रभाग– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०४६ रही स्वस्तिक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह अंकित ।

पृष्ठभाग– वरिपरि ६४ थोप्लाभित्र माथि अर्ध गोलाकार रूपमा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव तल अर्ध गोलाकार रूपमा उमेर पुगी बक्सेको उपलक्ष्य र बीचमा पूर्ण कलश रही सोको दायाँपट्टि रू. ५०० बायाँपट्टि Rs. 500 अंकित ।

| | | |
|---|---|---|
| सिक्काको दर | -- | रू. ५००।– |
| तौल | -- | १ औंश (३१.१ ग्राम ±०.१३) |
| व्यास | -- | ३८.७ मि.मि. |
| सिरेशन | -- | भएको |
| धातु | -- | ९९९ शुद्ध चाँदी |
| अधिकतम टकमरी | -- | १०,००० थान |

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का. मु. सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग नेपाल
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
602